मिति : २०८२/०४/२९ कार्यपालिका बैठक संख्याः ०३-०८२/८३

प्रमाणित गर्ने

आज मिति २०८२ साल श्रावण २९ गते विहीबार ने.सं. ११४५, गुंलागा, षष्ठी। कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री नवराज ढकालज्यूको अध्यक्षता र तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्नका लागि बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

समयः दिनको ठिक १२:३० बजे।

स्थानः कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी, रुपन्देही ।

उपस्थितिः

| क.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरुङ | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री माधव प्रसाद पोखेल | सचिव |

सहयोगीहरु

| | | | |
|---|---|---|---|
| १५ | | श्री गिरीराज अर्याल | प्रशासकीय अधिकृत |
| १६ | | श्री सुवोध ज्ञवाली | इन्जिनियर |
| १७ | | श्री नगेन्द्र मल्ल | स.कम्प्युटर अधिकृत |
| १८ | | श्री धनपति ज्ञवाली | सचिवालय |
| १९ | | श्री लक्ष्मी चौधरी थारू | कार्यालय सहयोगी |

CamScanner

मिति : २०८२/०४/२१ ... -०८२/८३

प्रस्तावहरु

३.१ मापदण्ड स्वीकृत सम्बन्धमा,

३.२ स्रोत सुनिश्चितता सम्बन्धमा,

३.३ आयुर्वेद औषधालय भवन पुनः निर्माण सम्बन्धमा,

३.४ आर्थिक सहायता सम्बन्धमा ।

निर्णयहरू

३.१. मापदण्ड स्वीकृत सम्बन्धमा,

कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०१२/२१ गतेको निर्णय नं. २१.६ बमोजिम सूचना प्रकाशन गर्ने प्रयोजनका लागि प्रशासन शाखाबाट तयार भई आएको कञ्चन गाउँपालिकाको सेवा करारमा अमिन छनोट सम्बन्धी मापदण्ड, २०८२ को मस्यौदा माथि छलफल भयो

छलफलमा उठेका विषयवस्तुहरूलाई समेटी कञ्चन गाउँपालिकाको सेवा करारमा अमिन छनोट सम्बन्धी मापदण्ड, २०८२ स्वीकृत गर्ने ।

३.२. स्रोत सुनिश्चितता सम्बन्धमा,

क. आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रममा संघीय समपुरक अनुदान अन्तर्गत कुट्टादेखि वगही मटेरिया हुँदै मैनिया सम्मको सड्क कालोपत्रेका लागि जम्मा रू. २ करोड ७७ लाख ५० हजार रकम विनियोजन भएकोमा उक्त योजना/खण्ड आवश्यकता अनुरुप सम्पन्न गर्नका लागि पूर्वाधार विकास शाखाबाट करिब रू. ३ करोड रकम आवश्यक पर्ने जानकारी प्राप्त भएको, उक्त योजना सम्पन्न गर्नका लागि अपुग हुने रकम रू. २२ लाख ५० हजार बराबरको श्रोतको सुनिश्चितता १९ औं गाउँसभाबाट गर्ने गरी ३ करोड रकम बराबरकै लागत अनुमान पेश गरि स्वीकृत पश्चात सोही बमोजिम विद्युतीय बोलपत्र आव्हान गर्न निर्देशन दिने।

ख. आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रममा प्रदेश समपुरक अनुदान अन्तर्गत शान्तिनगर देखि सुकेताल मटेरिया हुँदै कटुवा समयमाई मन्दिरसम्म सडक कालोपत्रेका लागि जम्मा रू. ७० लाख १ हजार रकम विनियोजन भएकोमा उक्त योजनाको शान्तिनगर देखि सुकेताल मटेरिया चोकसम्म मात्रै योजना कार्यान्वयन गर्ने गरी सम्पन्न गर्नका लागि समेत रू. ९३ लाख १२ हजार बराबरको रकम आवश्यक पर्ने जानकारी पूर्वाधार विकास शाखाबाट प्राप्त भएको, उल्लिखित स्थान सम्म मात्रै सडक कालोपत्रे गर्ने गरी योजना सम्पन्न गर्नका लागि अपुग हुने रकम रू. २३ लाख ११ हजार रकम बराबरको सनुश्चितता १९ औं गाउँसभाबाट गर्ने गरी सोही बराबरको लागत अनुमान पेश गरी स्वीकृत पश्चात विद्युतीय बोलपत्र आव्हान गर्न पूर्वाधार विकास शाखालाई निर्देशन दिने ।

मिति : २०८२/०४/२० ... २०८२/८३

### ३.३. आयुर्वेद औषधालय भवन सम्बन्धमा,

कञ्चन गाउँपालिका अन्तर्गत कञ्चन ३ हरैयामा रहेको आयुर्वेद औषधालय भवन अत्यन्तै पुरानो र जिर्ण अवस्थामा सञ्चालित रहेको, भवनको छत समेत खस्ने अवस्थामा रहेको भनि आयुर्वेद शाखाबाट जानकारी प्राप्त भएको र आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रममा आयुर्वेद औषधालय भवन मर्मत सम्भार तथा भौतिक पूर्वाधार निर्माण शिर्षकमा रू. १५ लाख रकम समेत विनियोजन भएकोले उक्त आयुर्वेद औषधालयको जिर्ण छत भत्काई आवश्यक निर्माण कार्य अगाडी बढाउनका लागि निर्मित जिर्ण छत भत्काउनु पर्ने/नपर्ने, प्रत्यक्ष निरीक्षण गरी फोटो सहितको प्राविधिक राय/प्रतिवेदन पेश गर्नका लागि देहाय बमोजिमको समिति गठन गर्ने, समितिले आवश्यक स्थलगत निरीक्षण गरी ५ (पाँच) दिन भित्र राय सहितको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने गरी कार्यदिश दिने:

देहाय

| | |
|---|---|
| संयोजक | श्री सुवोध ज्ञवाली -इन्जिनियर |
| सदस्य | श्री प्रकाश गुरूङ्ग- प्राविधिक अधिकृत |
| सदस्य | श्री रिता थापा — प्राविधिक अधिकृत |
| सदस्य | श्री अमित लोहागुन- सव-इन्जिनियर |
| सदस्य सचिव | श्री चन्द्र मनि घिमिरे -प्रशासकीय अधिकृत(योजना शाखा प्रमुख) |

### ३.४. आर्थिक सहायता सम्बन्धमा

क. कञ्चन गाउँपालिका वडा नं. ५ स्थित गौतम बुद्ध सामुदायिक विकास केन्द्रको च.नं. ३७ मिति २०८२/०४/१६ गतेको पत्रानुसार मिति २०८२/०४/३१ देखि २०८२/०५/१० गतेसम्म सञ्चालन हुने दोस्रो गौतम बुद्ध कप 9A Side खुला फुटबल प्रतियोगिता विगत वर्षहरूमा जस्तै यस वर्ष पनि सञ्चालनका लागि आर्थिक सहायता उपलब्ध गराइदिनका लागि उक्त केन्द्रले प्रस्तावना समेत पेश गरेकोमा लागत साझेदारीमा गाउँपालिकाबाट रू.७५,०००/- (अक्षरूपी पचहत्तर हजार रुपैया मात्र/-) आ.व. २०८२/८३ को वार्षिक स्वीकृत बजेटको आर्थिक सहायता ऐन बमोजिम खर्च हुने गरी व्यक्तिगत तथा संस्थागत सहायताबाट रकम बेहोर्ने गरी उक्त प्रस्तावना स्वीकृत गर्ने।

ख. लायन्स क्लब अफ कञ्चन लेडीको च.नं. ०२ मिति २०८२/०४/१९ गतेको पत्रानुसार तिज लोक सांस्कृतिक कार्यक्रम सञ्चालन गर्नका लागि उक्त संस्थाले प्रस्तावना समेत पेश गरेकोमा लागत साझेदारीमा गाउँपालिकाबाट रू. ,1,00,000/- (अक्षरूपी एक लाख रुपैया मात्र/-) आ.व. २०८२/८३ को वार्षिक स्वीकृत बजेटको आर्थिक सहायता ऐन बमोजिम खर्च हुने गरी व्यक्तिगत तथा संस्थागत सहायताबाट रकम बेहोर्ने गरी उक्त प्रस्तावना स्वीकृत गर्ने।

अन्त्यमा, गाउँपालिका अध्यक्ष श्री नवराज ढकालबाट तेस्रो कार्यपालिकाको बैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्यपालिकाको बैठक अन्त्य भएको घोषणा गर्नु भयो।

नवराज ढकाल
गा. पा. अध्यक्ष